**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु चार दिने केरला भ्रमणमा हुनुहुन्छ। उहाँले आज राजभवनमा पूर्व राष्ट्रपति के.आर. नारायणनको प्रतिमा अनावरण गर्नु हुनेछ।

२. रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूरले तीन सशस्त्र बलहरूबीच असाधारण तालमेल र एकता देखेको बताउनु भएको छ।

३. चुनाव आयोगले आयोगको निर्देशन पालना नगरेकोमा पश्चिम बंगालका एक हजारभन्दा बढी बुथ लेभल अफिसरहरू (BLOs) लाई कारण बताऊ नोटिस जारी गरेको छ।

४. आर्थिक सहयोग र मानिसहरुमाझको सम्पर्क लगायत विभिन्न क्षेत्रहरूमा छलफल गर्न जेनेभामा १५१ औं अन्तर-संसदीय संघ सम्मेलनको क्रममा भारत र नेपालका संसदीय प्रतिनिधिमण्डलहरू भेट गरेका छन्।

५. भारत र अष्ट्रेलियाबीचको तीन म्याचको एकदिवसीय शृङ्खलाको दोस्रो म्याच आज एडिलेडमा खेलिनेछ।

**केरला - राष्ट्रपतिको भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु चार दिने केरला भ्रमणमा हुनुहुन्छ। उहाँले आज राजभवनमा पूर्व राष्ट्रपति के.आर. नारायणनको अर्धकदको प्रतिमा अनावरण गर्नु हुनेछ।

विवरण हाम्रो संवाददाताबाट: **बाइट**

**राजनाथ सिंह - पुस्तक विमोचन**

रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूरले तीन सशस्त्र बलहरूबीच असाधारण तालमेल र एकता देखेको बताउनु भएको छ। यसले परिवर्तनशील विश्व व्यवस्था र युद्धका नयाँ विधिहरूको चुनौतीहरूको सामना गर्न समन्वित रणनीति विकास गर्ने सरकारको संकल्पलाई पनि पुष्टि गर्दछ। रक्षामन्त्री हिजो नयाँ दिल्लीमा सेवानिवृत्त लेफ्टिनेन्ट जनरल राज शुक्लाको पुस्तक **'सिविल-मिलिट्री फ्यूजन एज़ अ मेट्रिक ऑफ़ नेशनल पावर एंड कॉम्प्रिहेंसिव सिक्योरिटी'** को विमोचन समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।रक्षामन्त्रीले भन्नु भयो, परम्परागत रक्षा दृष्टिकोण अब वर्तमान समयमा पर्याप्त छैन किनकि युद्धहरू अब विषम रुप लिएको छ। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले राष्ट्रिय सुरक्षा साथै रणनीतिक स्वायत्तता सुनिश्चित गर्ने उद्देश्यले रक्षा बलहरूलाई सशक्त बनाउन धेरै साहसी सुधारहरू गरेको छ।

**राजनाथ सिंह - जैसलमेर**

रक्षामन्त्री राजनाथ सिंह आजदेखि सेना कमाण्डर सम्मेलनको लागि जैसलमेरको तीन दिने भ्रमणमा जानुहुनेछ। अपरेशन सिन्दूरपछि जैसलमेरमा यो सम्मेलन पहिलो पटक आयोजना हुँदैछ। बैठकमा वरिष्ठ सैन्य कमाण्डरहरूले भविष्यका सुरक्षा चुनौतीहरूबारे छलफल गर्नेछन् र सेनाको तयारीको समीक्षा गर्नेछन्। रक्षा स्रोतका अनुसार सेना प्रमुख र वरिष्ठ कमाण्डरहरूले देशको पश्चिमी सीमामा सुरक्षा व्यवस्था, आधुनिक युद्ध रणनीति र रक्षा सञ्चालनमा उन्नत प्रविधिको प्रयोगको बारेमा छलफल गर्नेछन्। भ्रमणको दोस्रो दिन, रक्षामन्त्रीले लोंगेवाला सीमा चौकीको भ्रमण गर्नु हुनेछ र १९७१ को भारत-पाकिस्तान युद्धका शहीदहरूलाई

श्रद्धाञ्जली अर्पण गर्नु हुनेछ। उहाँले सेना युद्ध संग्रहालयको पनि भ्रमण गर्नु हुनेछ र शौर्य पार्क र क्याक्टस पार्कको उद्घाटन गर्नु हुनेछ। रक्षामन्त्रीले सेनाको साहस र वीरताको गौरवशाली इतिहास प्रदर्शन गर्ने **लाइट एंड साउंड शो** प्रदर्शनीको पनि उद्घाटन गर्नु हुनेछ।

**नौसेना कमाण्डर सम्मेलन**

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा हुने द्विवार्षिक नौसेना कमाण्डर सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ। आफ्नो सम्बोधनको क्रममा उहाँले बृहत् राष्ट्रिय हित र विकसित भारत २०४७ को लागि दृष्टिकोण प्रस्तुत गर्नुहुनेछ।
तीन दिने सम्मेलन हिजोदेखि सुरु भएको थियो। अपरेशन सिन्दूरपछि नौसेनाको भविष्यको सञ्चालन र तयारीको सन्दर्भमा यसलाई महत्त्वपूर्ण मानिन्छ। सम्मेलनले राष्ट्रिय नेतृत्व र नोकरशाहीबीच घनिष्ठ अन्तरक्रिया र संवादको लागि प्रभावकारी प्लेटफर्म प्रदान गर्दछ र वर्तमान भू-रणनीतिक परिदृश्यमा बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्ने नौसेनाको क्षमताको समीक्षा गर्दछ। नेवी प्रमुखले वरिष्ठ कमाण्डरहरूसँग मिलेर भारतीय समुद्री क्षेत्रमा सुरक्षा अवस्थासँग सम्बन्धित योजनाहरूको समीक्षा र मूल्याङ्कन गर्नु हुनेछ।

**बिहारमा नामांकन फिर्ता**

बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको लागि नामांकन फिर्ता लिने आज अन्तिम दिन हो। यस चरणमा बीस जिल्लाका १२२ निर्वाचन क्षेत्रमा ११ नोभेम्बरमा मतदान हुनेछ।कैमुर जिल्लाको मोहनिया आरक्षित निर्वाचन क्षेत्रबाट राष्ट्रिय जनता दलकी उम्मेदवार श्वेता सुमनको नामांकन हिजो उनको अनुसूचित जाति प्रमाणपत्र अमान्य पाएपछि खारेज गरिएको थियो।पश्चिम चम्पारण जिल्लाको वाल्मिकी नगर विधानसभा सिटका लागि जनसुराज पार्टीका दृगनारायण प्रसादको मनोनयन पनि अमान्य पाएको थियो र मनोनयन दर्ता गर्नु अघि सरकारी सेवाबाट राजीनामा नदिएको कारणले खारेज गरिएको थियो। यी दुवै निर्वाचन क्षेत्रमा दोस्रो चरणको लागि मतदान हुने तालिका छ।दोस्रो चरणमा सीतामढी, शिवहर, मधुबनी, पूर्वी चम्पारण र पश्चिम चम्पारण जिल्लामा मतदान हुनेछ। रोहतास र कैमुरसहित शाहाबाद क्षेत्रका धेरै जिल्लाहरूमा पनि मतदान हुनेछ। यस चरणमा औरंगाबाद, नवादा, जेहानाबाद र अरवालसहित मगध क्षेत्र र अररिया, किशनगंज, पूर्णिया र कटिहार र भागलपुर, बांका, जमुई र सुपौल जिल्लाहरूसहित सीमाञ्चल क्षेत्रमा पनि मतदान हुनेछ।

**जम्मू कश्मीरको नामाङ्कन छानबिन**

जम्मू कश्मीरको नागरोटा र बडगाम विधानसभा क्षेत्रहरूमा हुने विधानसभा उप चुनावका लागि नामाङ्कन पत्रहरूको छानबिन सम्पन्न भएको छ। नागरोटा विधानसभा क्षेत्रबाट १० र बडगाम सीटबाट १७ जनाको मात्र नामाङ्कन वैध पाइएको छ। चुनाव अधिकारीले नागरोटा सीटका लागि १३ जना र बडगाम सीटका लागि २० जनाले नामाङ्कन दर्ता गरेको बताए।नामाङ्कन फिर्ता लिने अन्तिम मिति भोलि हो। दुवै विधानसभा क्षेत्रहरूको लागि मतदान ११ नोभेम्बरमा हुनेछ र मतगणना १४ नोभेम्बरमा हुनेछ।

**झारखण्ड उप चुनाव**

झारखण्डको घाटसिला विधानसभा उप चुनावका लागि नामांकन फिर्ता लिने भोलि अन्तिम दिन हो। घाटसिला उप चुनावका लागि नामांकन पत्रहरूको छानबिन हिजो सम्पन्न भएको छ। जिल्ला चुनाव कार्यालयका अनुसार १७ जना उम्मेदवारमध्ये १४ जनाको नामांकन पत्र मान्य भएको छ।

**पश्चिम बंगाल - बीएलओ नोटिस**

चुनाव आयोगले आयोगको निर्देशन पालना नगरेकोमा पश्चिम बंगालका एक हजारभन्दा बढी बुथ लेभल अफिसरहरू (BLOs) लाई कारण बताऊ नोटिस जारी गरेको छ। आयोग स्रोतका अनुसार, राज्यमा बीएलओ नियुक्ति प्रक्रिया यस वर्ष अप्रेलमा सुरु भएको थियो, तर एक हजारभन्दा बढी बीएलओहरुले १७ अक्टोबरसम्ममा कार्यभार सम्हालेका थिएनन्। आयोगले स्पष्ट पारेको छ कि यदि नोटिसको जवाफ सन्तोषजनक नभएको पाइएमा जनप्रतिनिधित्व ऐन, १९५० अन्तर्गत यी सबै बीएलओहरु विरुद्ध कानुनी कारबाही गरिनेछ।देशभरि मतदाता सूचीको विशेष गहन संशोधन चाँडै सुरु हुन सक्छ। राज्यको वर्तमान अवस्थालाई ध्यानमा राख्दै

चुनाव आयोगले पश्चिम बंगालमा चुनाव प्रक्रियालाई नजिकबाट निगरानी गरिरहेको छ। बिहारबाहेक सबै राज्यका मुख्य चुनाव अधिकारीहरू र अतिरिक्त मुख्य चुनाव अधिकारीहरूसँग दुई दिने बैठक भइरहेको छ। पश्चिम बंगालको अवस्थाको बारेमा विस्तृत रूपमा छलफल गरिने रिपोर्ट गरिएको छ।

## GST-इलेक्ट्रोनिक्स

२२ सेप्टेम्बर मा नरेन्द्र मोदी सरकारले धैरै क्षेत्रहरूमा GST दरहरू घटाएपछि GST बचत उत्सव सुरु भयो, जसले देशभरका नागरिकहरूलाई फाइदा पुऱ्यायो। आज, हाम्रा संवाददाताले विभिन्न इलेक्ट्रोनिक्स वस्तुहरूमा नयाँ GST सुधारहरूले नागरिकहरूलाई कसरी मद्दत गरिरहेको छ भन्ने बारेमा एक रिपोर्ट -

## भारत-नेपाल संसदीय प्रतिनिधिमण्डल

आर्थिक सहयोग र मानिसहरुमाझको सम्पर्क लगायत विभिन्न क्षेत्रहरूमा अवसरहरू छलफल गर्न जेनेभामा १५१ औं अन्तर-संसदीय संघ सम्मेलनको क्रममा भारत र नेपालका संसदीय प्रतिनिधिमण्डलहरू भेटे। अन्तर-संसदीय संघ सम्मेलनमा भारतीय प्रतिनिधिमण्डलका सदस्यहरूले मानवीय कार्य, लोकतान्त्रिक शासन र विश्वव्यापी संस्थागत सुधारहरूको बारेमा सक्रिय रूपमा छलफल गरिरहेका छन्। लोकसभा सांसद अनुराग ठाकुरले महासभालाई सम्बोधन गर्नु हुँदै संयुक्त राष्ट्र संघको ८० औं वार्षिकोत्सवको पहलले वित्तीय समक्षतामा मात्र नभई विश्वव्यापी संस्थाहरूलाई थप समावेशी र प्रतिनिधि बनाउने अर्थपूर्ण सुधारहरूमा पनि ध्यान केन्द्रित गर्नुपर्ने बताउनु भयो।राज्यसभा सांसद सस्मित पात्रले विशेष जवाफदेहिता सत्रलाई सम्बोधन गर्नु हुँदै संसदीय कार्यप्रणाली र पारदर्शिता बढाउन भारतले गरेको आर्टिफिशियल इंटेलिजेंसको प्रयोगको बारेमा छलफल गर्नु भयो। विश्वभरका सांसदहरूले १९ अक्टोबरदेखि २३ सम्म जेनेभामा आयोजना हुने १५१ औं अन्तर-संसदीय संघ सम्मेलनमा भाग लिइरहेका छन्, जसले संकटको समयमा मानवीय मापदण्डहरू कायम राख्ने र मानवीय कार्यप्रणाली जस्ता मुद्दाहरूमा छलफल गर्नेछ।

## इलेक्ट्रोनिक्स मन्त्रालय - संशोधनहरू

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्रालयले सूचना प्रविधि - मध्यस्थकर्ता निर्देशिका र डिजिटल मिडिया नैतिकता संहिता (संशोधन) नियमावली, २०२५ अधिसूचित गरेको छ। यो संशोधनले सूचना प्रौद्योगिकी नियमावली, २०२१ लाई संशोधन गर्नेछ। यी संशोधनहरूले सूचना प्रौद्योगिकी ऐन, २००० अन्तर्गत मध्यस्थकर्ताहरूको दायित्वलाई अझ बलियो बनाउँछ।मन्त्रालयले यी संशोधनहरूले पारदर्शी र जवाफदेही तरिकाले अवैध सामग्री हटाउने कुरा सुनिश्चित गर्ने बताएको छ। मन्त्रालयका अनुसार, संशोधित नियमावलीहरू अर्को महिनाको पहिलो दिनदेखि लागू हुनेछन्।पहिले, मन्त्रालयले विद्यमान नियमावलीहरूको समीक्षा गरेको थियो र बढी जवाफदेहिता सुनिश्चित गर्न उच्चतम स्तरमा थप उपायहरूमा जोड दिएको थियो। हालका नियमावलीहरूमा गरिएका संशोधनहरूले नागरिकहरूको संवैधानिक अधिकार र सरकारको वैध नियामक शक्तिहरूबीच सन्तुलन कायम गर्नेछ।सूचना प्रविधि नियमावलीहरू मूल रूपमा २०२१ मा अधिसूचित गरिएको थियो र पछि २०२२ र २०२३ मा संशोधन गरिएको थियो। मन्त्रालयले मस्यौदा संशोधनहरूमा सरोकारवालाहरूबाट प्रतिक्रिया मागेको छ। प्रतिक्रिया अर्को महिनाको ६ तारिखसम्ममा itrules.consultation@meity.gov.in मा इमेल गर्न सकिन्छ।

## क्रिकेट

भारत र अष्ट्रेलियाबीचको तीन म्याचको एकदिवसीय शृङ्खलाको दोस्रो म्याच आज एडिलेडमा खेलिनेछ। यो म्याच भारतीय समय अनुसार बिहान ९ बजे शुरु हुनेछ। पहिलो म्याच अष्ट्रेलियासँग सात विकेटले हारेपछि, भारतले यो म्याच जित्नै पर्नेछ।एकदिवसीय शृङ्खलापछि, दुई टोलीले पाँच टी-२० म्याच खेल्नेछन्।

****** ० ******